# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## वित्तीय क्षेत्र विकास रणनीति २०१५-२०२० कार्यशाला गोष्ठी सम्पन्न

**वित्तीय क्षेत्र विकास रणनीति, २०१५-२०२०** विषयक एक दिवसीय कार्याशाला गोष्ठी मंसीर २२ गते काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यशालालाई सम्वोधन गर्दै गभर्नर डा. युवराज खतिवडाले विकसित अर्थतन्त्रले वित्तीय क्षेत्रको स्थायित्वमा बढी जोड दिने गरेको र नेपालको सन्दर्भमा आर्थिक वृद्धिका लागि वित्तीय सेवाको दायरा बढाउनु पर्ने र यस प्रकारको वित्तीय प्रणाली क्षेत्रको स्वस्थ्य र विकास गर्नका लागि रणनीति तर्जुमा गर्न लागेको कुरा बताउनु भयो ।

समष्टिगत आर्थिक चरहरू सन्तोषजनक हुँदैमा वित्तीय क्षेत्रले स्थायित्व प्राप्त गर्दैन भन्ने अनुभव सन् २००८-११ को विश्वव्यापी वित्तीय संकटबाट देखिएको हुँदा वित्तीय संस्थाहरूको पूँजी वृद्धि, जोखिम पहिचान, संस्थागत सुशासनमा सुधारका अतिरिक्त आर्थिक वृद्धिलाई सहयोग पुग्ने तथा वित्तीय पहुँच विस्तार र वित्तीय समावेशीकरणको मुद्दालाई पनि समेट्ने गरी रणनीति तयार गर्नुपर्ने धारणा गभर्नर डा. खतिवडाले व्यक्त गर्नुभयो । सो अवसरमा गभर्नर डा. खतिवडाले स्वस्थ र गतिशील वित्तीय क्षेत्र निर्माण गर्नका लागि नियमनकारी निकायको क्षमतामा ह्रास आउन नदिने, अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, सक्षम भुक्तानी प्रणालीको विकास गर्ने, आधुनिक प्रविधिको प्रयोगलाई बढावा दिने र अर्थतन्त्रमा आउने आन्तरिक र बाह्य धक्का झेल्न सक्ने क्षमताको विकास गर्ने मुद्दाहरूलाई पनि वित्तीय क्षेत्र विकास रणनीति २०१५-२० ले समेट्नु पर्छ भन्नु भयो ।

नेपाल राष्ट्र बैंकका संचालक तथा डेपुटी गभर्नरहरू, पूर्व संचालक, कार्यकारी निर्देशक, निर्देशकका साथै विश्व बैंकका परामर्शदाता, नेपाल बैकर्स एशोसिएशन, विकास बैंक एशोसिएशन, वित्त कम्पनी संघ, लघुवित्त बैंकर्स संघ, उपभोक्ता हित संरक्षण मञ्च र अन्य सरोकारवालाको वृहत् सहभागिता रहेको उक्त कार्यशाला गोष्ठीको आयोजना बैंकको अनुसन्धान विभागले गरेको थियो ।

आगामी ५ वर्षका लागि तर्जुमा गर्न लागिएको वित्तीय क्षेत्र विकास रणनीतिलाई (क) आर्थिक वृद्धिका लागि वित्तको उपलव्धता (ख) वित्तीय पहुँच र समावेशीकरण (ग) वित्तीय स्थायित्व (घ) संस्थागत सुशासन (ङ) वित्तीय बजारको पूर्वाधार सवलीकरण र (छ) क्षमता अभिवृद्धि गरी छवटा परिच्छेदमा विभाजन गरी कार्याशाला गोष्ठी सम्पन्न भएको थियो । गोष्ठी नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दायरामा रहेको वित्तीय प्रणालीको रणनीतिमा केन्द्रीत थियो ।

**२०७१ मंसीर २३ गते मंगलबार** — **गभर्नरको कार्यालय**